# ललितपुर महानगरपालिका

## यल महानगरपालिका

# स्थानीय राजपत्र

ललितपुर महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ९, ललितपुर, चैत्र ५ गते, २०८२ साल, अतिरिक्ताङ्क ९

## भाग - २

# ललितपुर महानगरपालिका

## ललितपुर सिर्जनात्मक कला केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

ललितपुर महानगरपालिकालाई युनेस्कोद्वारा निर्धारित युनेस्को सिर्जनात्मक शहर सञ्जाल **UNESCO Creative Cities Network**

मा विभिन्न सिर्जनात्मक क्षेत्र (विधा) हरुलाई आवद्ध गराउने र आवद्ध भएका विधाको माध्यमबाट स्थानीय कला, शिप तथा ज्ञानको जगेर्ना गर्दै यस्ता शिप तथा ज्ञानलाई नयाँ पुस्तामा हस्तान्तरण तथा पुस्तान्तरण गर्दै युवाहरुको संलग्नतालाई अभिप्रेरित गरी पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना र आयआर्जनको माध्यमबाट यस महानगरको समग्र विकासमा समेत टेवा पुऱ्याउने उद्देश्यले ललितपुर सिर्जनात्मक कला केन्द्र Lalitpur Center for Creative Arts को स्थापना सञ्चालन सम्बन्धी कार्यविधि तर्जुमा गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो ललितपुर सिर्जनात्मक कला केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम ललितपुर सिर्जनात्मक कला केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ रहने छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा र व्याख्याः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) "**उप प्रमुख**" भन्नाले ललितपुर महानगरपालिकाको उप प्रमुख सम्झनु पर्छ।

(ख) "**कार्यपालिका**" भन्नाले ललितपुर महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "**कार्यालय**" भन्नाले ललितपुर महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(घ) "**केन्द्र**" भन्नाले यस कार्यविधि अन्तर्गत गठित ललितपुर सिर्जनात्मक कला केन्द्र सम्झनु पर्छ।

(ङ) "**प्रमुख**" भन्नाले ललितपुर महानगरपालिकाको प्रमुख सम्झनु पर्छ।

(च) "**प्रमुख प्रशासकिय अधिकृत**" भन्नाले ललितपुर महानगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ।

(छ) "**महानगरपालिका**" भन्नाले ललितपुर महानगरपालिका सम्झनु पर्छ ।

(ज) "**महाशाखा**" भन्नाले ललितपुर महानगरपालिकाको कला तथा संस्कृति बिषय हेर्ने महाशाखा सम्झनु पर्छ ।

(झ) **"युनेस्को"** भन्नाले संयुक्त राष्ट्र संघको शैक्षिक, बैज्ञानिक तथा सांस्कृतिक संगठन तथा सो अन्तर्गत रहेका कार्यालय सम्झनु पर्छ ।

(ञ) "**विधा वा "क्षेत्र**" भन्नाले युनेस्कोद्वारा निर्धारित दफा ३ को उपदफा (१) मा उल्लिखित सिर्जनात्मक विधा वा क्षेत्र सम्झनु पर्छ ।

(ट) "**समिति**" भन्नाले दफा ४ बमोजिम गठित ललितपुर सिर्जनात्मक कला केन्द्र सञ्चालन समिति सम्झनु पर्छ ।

३. **सिर्जनात्मक क्षेत्रः**(१) युनेस्कोद्वारा सिर्जनात्मक शहरका लागि निर्धारण गरेका विधाहरु देहाय बमोजिम रहेका छन्;

(क) हस्तकला तथा लोक कला (Crafts & Folk Arts)

(ख) डिजाइन (Design)

(ग) फिल्म (Film)

(घ) खानपान (Gastronomy)

(ङ) साहित्य (Literature)

(च) मिडिया कला (Media Arts)

(छ) संगीत (Music)

(ज) वास्तुकला (Architecture)

(२) युनेस्कोद्वारा उपदफा (१) विधाहरुमा थपघट गरेमा समितिले आवश्यकता अनुसार थपघट गर्न सक्नेछ।

४. <u>**ललितपुर सिर्जनात्मक कला केन्द्र सञ्चालन समितिः**</u> (१) यस सिर्जनात्मक कला केन्द्रको सञ्चालन तथा व्यवस्थापनका लागि देहाय अनुसारका ललितपुर सिर्जनात्मक कला केन्द्र सञ्चालन समिति गठन हुनेछ।

| | |
|---|---|
| (क) प्रमुख | -संयोजक |
| (ख) उप प्रमुख | -सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) उद्योग, पर्यटन तथा संस्कृति संरक्षण समितिका संयोजक | -सदस्य |
| (ङ) महाशाखा प्रमुख | -सदस्य |
| (च) प्रमुखले तोकेको विभिन्न विधाका विज्ञ १० जना | -सदस्य |

(२) उपदफा (१) को खण्ड (च) मा उल्लिखित विज्ञहरु मध्येबाट संयोजकले एक जनालाई केन्द्र प्रमुखका साथै सदस्य सचिवको समेत कार्य गर्ने गरी तोक्नु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (च) मा उल्लिखित विज्ञको पदावधि ४ बर्षको हुनेछ।

(४) समितिको बैठक साधारणतयाः दुई महिनामा एकपटक बस्नेछ ।

(५) समितिको बैठकमा आवश्यक्ता अनुसार बिषयगत विज्ञ, सरोकारवाला निकाय तथा संघसंस्थाका प्रतिनिधिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने गरी सदस्य सचिवले बोलाउनेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** दफा ४ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सिर्जनात्मक शहर सञ्जालमा समावेश सम्बन्धित विधाका विश्वभरका अन्य सदस्य शहरहरूसँग समन्वय र सहकार्य गर्ने।

(ख) अनुसन्धानकर्ता, स्थानीय कलाकार तथा सरोकारवालासँग सहकार्य गरी सिर्जनात्मक शहर सम्बन्धी नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने।

(ग) सङ्घीय, प्रदेश तथा अन्य सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय तथा सहकार्य गरी युनेस्को सिर्जनात्मक शहर सञ्जालमा थप विषय घोषणा गर्ने सम्बन्धमा पहल गर्ने।

(घ) निजी क्षेत्रको सहभागिता र सहकार्यमा प्रवर्द्धनात्मक कार्यक्रमहरू गर्ने, गराउने।

तर, निजीक्षेत्रको सहभागितामा कुनै कार्यक्रम सञ्चालन गर्नु पर्दा लागत सहभागिताको समेत सुनिश्चित गर्नु पर्नेछ।

(ङ) सिर्जनात्मक शहर सञ्जालमा समावेश विधालाई पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना तथा आयआर्जनसँग सम्बद्ध गराउने।

(च) सम्बन्धित विधाका परम्परागत कला तथा सीपलाई विद्यालय तहसम्म पुऱ्याउन विद्वत् वर्ग तथा विद्यालयहरूसँग सहकार्य गर्ने।

(छ) विद्यालयस्तरमा सम्बन्धित विधामा शिक्षकलाई आवश्यक तालिम प्रदान गर्ने तथा विद्यार्थीका लागि छात्रवृत्ति व्यवस्था गर्ने।

(ज) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धानकर्ताहरूका लागि उपयोगी हुनेगरी परम्परागत रूपमा प्रयोग हुँदै आएका उपकरण तथा प्रविधि (Tools & Techniques) को अभिलेखिकरण गर्ने।

(झ) सम्बन्धित विधाको प्रवर्द्धन, विकास तथा विस्तारका लागि विज्ञहरू समेत समावेश गरी स्रोत केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने।

(ञ) परम्परागत कला तथा सीपको संरक्षण तथा सम्वर्द्धनका लागि परम्परागत उपकरण बनाउने तालिमको व्यवस्था गरी उक्त क्षेत्रलाई मर्यादित पेशाको रूपमा विकास गर्ने।

(ट) सम्बन्धित विधाका अग्रज (गुरु) हरुलाई आवश्यकतानुसार परिचालन गरी यस क्षेत्रको विकासमा सहभागिता गराउने।

(ठ) सम्बन्धित विधाको व्यवसायीकरणका लागि आवश्यक व्यवस्थाका लागि पहल गर्ने।

(ड) स्थानीय सार्वजनिक स्थललाई सवारीरहित क्षेत्र (Free vehicle Zone) बनाई खुला सांगितिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पूर्वाधार विकास गर्ने।

(ढ) परम्परागत वाद्यवादनमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा नयाँ पुस्ताको सहभागिता वृद्धि गर्न आवश्यक व्यवस्था मिलाउने।

(ण) सम्बन्धित विषयको पाठ्यक्रम निर्माण गरी विद्यालयको पाठ्यक्रममा संगीतलाई व्यवस्थित रूपमा समावेश गराउने।

(त) सिर्जनात्मक शहर सञ्जालसँग सम्बन्धित कार्यक्रमहरूको नियमित कार्यान्वयन गर्नु, गराउनु।

(थ) युनेस्कोद्वारा सिर्जनात्मक शहर सञ्जाल सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित नीतिगत तथा संरचनागत विषयहरूको कार्यान्वयन गर्नु, गराउनु।

(द) ललितपुर सिर्जनात्मक कला केन्द्र व्यवस्थापन तथा प्रवर्द्धन सम्बन्धी कार्यक्रम तर्जुमा र सञ्चालन गर्ने, गराउने।

(ध) कार्यपालिकाले तोकिदिएका सम्बन्धित विधाका अन्य कार्यहरू सम्पादन गर्ने, गराउने।

६. <u>**केन्द्र प्रमुखको काम कर्तव्य र अधिकारः**</u> केन्द्रको (१) प्रमुखको रुपमा रहने पदाधिकारीको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ;

(क) समितिको निर्णयहरु कार्यान्वयन गर्ने, गराउने।

(ख) केन्द्रको नियमित प्रशासनिक कार्यहरु सम्पादन गर्ने, गराउने।

(ग) वार्षिक नीति तथा कार्यक्रम तयार गरी समिति समक्ष पेश गर्ने।

(घ) वार्षिक नीति तथा कार्यक्रम उपलब्धिमूलक हुने गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्ने, गराउने।

(ङ) युनेस्कोसँग निरन्तर समन्वय गर्ने, गराउने।

(च) विधासँग सम्बन्धित अभिलेख व्यवस्थापन गर्ने, गराउने।

(छ) सम्बन्धित विज्ञ, सरोकार निकाय तथा स्थानीय समुदायसँग निरन्तर समन्वय र सहकार्य गरी सम्बन्धित विधाको प्रवर्द्धन र विकासको लागि समितिमा प्रस्ताव पेश गर्ने।

(ज) केन्द्रमा रहने जनशक्तिको समुचित परिचालन गर्ने।

(झ) केन्द्रले सम्पादन गरेका कार्यहरुको त्रैमासिक प्रगति विवरण तयार गरी समिति समक्ष पेश गर्ने।

(ञ) केन्द्रको भौतिक तथा जिन्सी विवरण अद्यावधिक गर्ने र समूचित प्रयोग तथा संरक्षणको व्यवस्था गर्ने।

(ट) प्रचलित कानून अनुसार खर्चसँग सम्बन्धित कार्यहरु सम्पादन गर्ने,गराउने।

(ठ) सञ्चालित कार्यक्रमको नियमित अनुगमन गर्ने र त्यसको प्रतिवेदन समिति समक्ष पेश गर्ने।

(ड) समितिले तोकिदिएका अन्य कार्यहरु।

(२) केन्द्र प्रमुखले उपदफा (१) बमोजिमको कार्यहरु महाशाखा अन्तर्गत रही गर्नु, गराउनु पर्नेछ।

(३) केन्द्र प्रमुखको सेवा तथा सुविधा कार्यपालिकाबाट तोकेबमोजिम हुनेछ।

७. **<u>ललितपुर सिर्जनात्मक कला केन्द्र व्यवस्थापन तथा प्रवर्द्धन कोषः</u>** ललितपुर महानगरपालिकाभित्र ललितपुर सिर्जनात्मक कला केन्द्र व्यवस्थापन तथा प्रवर्द्धनका लागि देहाय बमोजिमको कोष रहनेछ ।

(क) सिर्जनात्मक शहर व्यवस्थापन तथा प्रवर्द्धन कोषको लागि महानगरपालिकाबाट वार्षिक रुपमा विनियोजित रकम,

(ख) कार्यपालिकाले ललितपुर सिर्जनात्मक कला केन्द्र व्यवस्थापन तथा प्रवर्द्धन कोष मा जम्मा गर्ने भनी तोकिदिएको रकम,

(ग) सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने रकम,

(ङ) निजी क्षेत्रबाट सिर्जनात्मक शहर व्यवस्थापन तथा प्रवर्द्धनका लागि जम्मा गरेको रकम।

८. **केन्द्रको कर्मचारी व्यवस्थापनः** समितिले स्वीकृत गरेको पद र संख्यामा कार्यालयले कर्मचारी व्यवस्थापन गर्नेछ।

९. **खर्च, लेखा र लेखा परीक्षणः** (१) समितिको निर्णयानुसार ललितपुर सिर्जनात्मक कला केन्द्र व्यवस्थापन तथा प्रवर्द्धन सम्बन्धी गरिने खर्च दफा ७ बमोजिमको कोषबाट प्रचलित कानून बमोजिम खर्च गरिनेछ

(२) उपदफा (१) मा उल्लिखित कोषको लेखा प्रचलित कानून बमोजिम वित्तीय व्यवस्थापन महाशाखाले राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको लेखाको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

(४) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र वित्तीय व्यवस्थापन महाशाखा प्रमुख वा निजले तोकेको लेखा समूहको कर्मचारीबाट हुनेछ ।

१०. **निर्देशन दिन सक्नेः** (१) समितिले केन्द्र प्रमुखलाई समय समयमा आवश्यकता अनुसार निर्देशन दिन सक्ने छ ।

(२) समितिले दिएको निर्देशन पालना गर्नु केन्द्र प्रमुखको कर्तव्य हुनेछ ।

११. **सेवा करारमा विज्ञ लिन सकिनेः** (१) समितिले आवश्यकता अनुसार प्रचलित कानूनको अधिनमा रही सम्बन्धित विधाको विज्ञलाई सेवा करारमा नियुक्ति गरी कार्य गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ललितपुर सिर्जनात्मक कला केन्द्र व्यवस्थापन तथा प्रवर्द्धन सम्बन्धी

विज्ञसँग गरिने सम्झौताका शर्तहरु समितिबाट स्वीकृत हुनु पर्नेछ ।

**१२. यसै कार्यविधि बमोजिम हुने:** (१) यस कार्यविधिमा उल्लेखित प्रावधान यसै बमोजिम हुने र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून वमोजिम हुनेछ ।

**१३. कार्यविधि संशोधन:** (१) यस कार्यविधिको कुनै संशोधन गर्नु परेमा समितिको सिफारिसमा कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

**१४. मापदण्ड तथा निर्देशिका तर्जुमा:** समितिले यस कार्यविधिको प्रतिकूल नहुने गरी सिर्जनात्मक शहर व्यवस्थापन तथा प्रवर्द्धन सम्बन्धमा आवश्यक मापदण्ड तथा निर्देशिका तर्जुमा गरी लागू गर्न सक्नेछ ।

प्रमाणीकरण मिति
२०८२/१२/०५

**आज्ञाले**
रेखा दास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत